त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३१८३८
Fax. 01-4331964

# त्रिभुवन विश्वविद्यालय
# एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७८

प्राज्ञिक लेखनमा देखापरेका साहित्यिक चोरीको समस्या समाधान गरी अध्ययन अनुसन्धान कार्यलाई थप व्यवस्थित, मर्यादित र नियमित गरी विश्वविद्यालयको बौद्धिक उन्नयन कार्यमा सहयोग गर्नका लागि एण्टी प्लेजारिजम सफ्टवेयरको प्रयोग र सोको व्यवस्थापन तथा सञ्चालनका लागि कार्यकारी परिषदबाट "एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७८" तर्जुमा गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'विश्वविद्यालय' भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनुपर्छ ।

(ख) "कार्यकारी परिषद" भन्नाले त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद् सम्झनुपर्छ ।

(ग) "अध्ययन संस्थान / संकाय" भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अध्ययन संस्थान / संकाय सम्झनुपर्छ ।

(घ) "डिन कार्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका डिन कार्यालयहरु सम्झनुपर्छ ।

(ङ) "अनुसन्धान केन्द्र" भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अनुसन्धान केन्दहरू र अनुसन्धान निर्देशनालय सम्झनुपर्छ ।

(च) 'केन्द्रीय पुस्तकालय' भन्नाले त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय सम्झनुपर्छ ।

(छ) 'पाठ्यक्रम विकास केन्द्र' भन्नाले त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र सम्झनुपर्छ ।

(ज) 'क्याम्पस' भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पसहरू सम्झनुपर्छ । यस शब्दले सम्बन्धप्राप्त क्याम्पसलाई समेत जनाउँछ ।

(झ) 'विभाग' भन्नाले त्रिभुवन विश्वविद्यालयका केन्द्रीय विभागहरू सम्झनुपर्छ ।

(ञ) "निकाय" त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पस/ कार्यालय/ निर्देशनालय/ स्कुल/ विभाग/ केन्द्रहरू आदि सम्झनुपर्छ ।

(ट) 'अन्य निकाय' भन्नाले त्रिभुवन विश्वविद्यालय बाहेकका निकायहरू सम्झनुपर्छ ।

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

काठमाडौं, नेपाल।
फोन : ०१-४३३१८३८
Fax. 01-4331964

(ठ) "सफ्टवेयर" भन्नाले एण्टी प्लेजारिजम सफ्टवेयर सम्झनुपर्छ।

(ड) 'कार्यविधि' भन्नाले त्रिभुवन विश्वविद्यालयको एण्टी प्लेजारिजम सम्बन्धी कार्यविधि, २०७८ सम्झनुपर्छ।

**३. त्रिभुवन विश्वविद्यालयमा एण्टी प्लेजारिजम सफ्टवेयर प्रयोग हुने**

(१) त्रिभुवन विश्वविद्यालयमा अनुसन्धानात्मक बौद्धिक कार्यमा आवश्यकता अनुसार प्लेजारिजम परीक्षण गरिनेछ।

(२) उप दफा १ बमोजिमको कार्यका लागि विश्वविद्यालयले एण्टी प्लेजारिजम सफ्टवेयर सब्स्क्राइब गर्ने वा कुनै निकायसँग सहकार्य गरी सफ्टवेयरको व्यवस्थापन गर्न सक्नेछ।

(३) प्लेजारिजम सफ्टवेयरको दैनिक कार्यसम्पादन तथा व्यवस्थापनको जिम्मेवारी त्रि.वि. केन्द्रीय पुस्तकालयको हुनेछ।

**४. युजर आइ.डी. (User ID) वितरण**

(१) विश्वविद्यालयका सम्पूर्ण निकायहरूलाई आवश्यकताका आधारमा एण्टी प्लेजारिजम सफ्टवेयरको युजर आइ.डी. (User ID) वितरण गरिनेछ।

(२) उप दफा १ बमोजिमको युजर आइ.डी. का लागि निकायहरूले केन्द्रीय पुस्तकालयमा प्रयोगकर्ताको अफिसियल इमेल सहित आधिकारीक रुपमा माग गर्नु पर्नेछ।

(३) विद्यार्थीका हकमा विद्यावारिधि तह, दर्शनाचार्य तह, स्नातकोत्तर तह तथा आवश्यकता अनुसार अन्य अनुसन्धानात्मक कार्यहरूलाई प्राथमिकतामा आधारमा युजर आइ.डी. वितरण गरिनेछ।

**५. प्लेजारिजम सफ्टवेयर व्यवस्थापन समिति**

(१) त्रिभुवन विश्वविद्यालयमा प्लेजारिजम सफ्टवेयर चुस्त, दुरुस्त तथा प्रभावकारी ढङ्गले कार्यान्वयन, व्यवस्थापन, समन्वय, अनुगमन एवम् निरीक्षण र आवश्यकता अनुसार सल्लाह, सुझाव, परामर्श तथा राय दिनका लागि देहायका सदस्यहरु रहेको केन्द्रीय स्तरमा एक प्लेजारिजम व्यवस्थापन समिति रहनेछ।

(क) त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय प्रमुख - संयोजक

(ख) त्रिभुवन विश्वविद्यालय सूचना तथा नवप्रवर्द्धन केन्द्रका प्रतिनिधि एक जना - सदस्य

(ग) त्रिभुवन विश्वविद्यालय अनुसन्धान केन्द्रका प्रतिनिधि एक जना - सदस्य

(घ) सूचना तथा सञ्चार प्रविधि विज्ञ मध्ये शिक्षाध्यक्षबाट मनोनित एक जना - सदस्य

(ङ) त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको अधिकृत वा सोभन्दा माथिल्लो तहको कर्मचारी एक जना - सदस्य सचिव

(२) उप दफा १ बमोजिमको समितिको सचिवालय केन्द्रीय पुस्तकालयमा रहनेछ।

(३) प्लेजारिजम सफ्टवेयर व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।



सभा तथा कार्यकारी परिषद्को

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३१८३८
Fax. 01-4331964

(क) त्रिभुवन विश्वविद्यालयमा एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक नीति नियम निर्माण गर्ने आवश्यकता अनुसार सल्लाह सुझाव दिने ।

(ख) त्रिभुवन विश्वविद्यालयका लागि आवश्यक प्लेजारिजम सफ्टवेयर छनोटगरी सिफारिस गर्ने ।

(ग) प्लेजारिजम सफ्टवेयर व्यवस्थापन र सञ्चालन सम्बन्धी प्राविधिक कार्यहरूमा प्रभावकारी भूमिका निर्वाह गरी सहजिकरण गर्ने ।

(घ) प्लेजारिजम सम्बन्धी आवश्यकता अनुसार तालिम, सेमिनार, गोष्ठी सञ्चालनमा सहयोग गर्ने ।

(ङ) आवश्यकता र औचित्यका आधारमा निकायहरूका लागि युजर आई.डी. र डकुमेण्टको संख्या निर्धारण गर्ने ।

(च) प्लेजारिजम सफ्टवेयरको सञ्चालन सम्बन्धमा शुल्क निर्धारण गर्न कार्यकारी परिषद् समक्ष सिफारिस गर्ने ।

(छ) प्लेजारिजम सम्बन्धी तोकिएका अन्य कार्यहरू गर्ने आदि ।

**६. परीक्षणको जिम्मेवारी दिन सकिने**

(१) अध्ययन संस्थान/संकाय, अनुसन्धान केन्द्र, पाठ्यक्रम विकास केन्द्र, आङ्गिक क्याम्पस, केन्द्रीय विभाग लगायतका निकायमा प्लेजारिजम परीक्षणको जिम्मेवारी तत् निकायमा अनुसन्धान कार्य गर्नका लागि गठित समितिलाई दिन सकिनेछ ।

(२) अनुसन्धान सम्बन्धी कार्य गर्ने समिति नभएका निकायमा निकाय प्रमुख जिम्मेवार हुनेछ ।

(३) उपदफा (१) बमोजिम समितिको प्लेजारिजम सम्बन्धी काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) केन्द्रीय पुस्तकालयबाट प्राप्त लग-इन आई डी (Login ID) मार्फत आफ्नो निकायका शिक्षक तथा विद्यार्थीका शोधपत्र, अनुसन्धानमुलक लेख रचना तथा लघु अनुसन्धान परीक्षण गर्ने ।

(ख) परीक्षण कार्य सम्पन्न भएपछि सोको रिपोर्ट सम्बन्धित व्यक्ति र निजले पेशगर्नु पर्ने संस्थामा इमेल मार्फत ७ (सात) दिन भित्र उपलब्ध गराउने ।

(ग) उप दफा ३ (ख) बमोजिमको रिपोर्टको आधारमा प्रमाणपत्र सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउने ।

(घ) केन्द्रीय प्लेजारिजम व्यवस्थापन तथा सञ्चालन समितिसँग समन्वय गर्ने ।

(ङ) आफ्नो निकाय अन्तर्गत प्लेजारिजम परीक्षण सम्बन्धी कार्यक्रमहरू गर्न सहजिकरण गर्ने ।

(च) प्लेजारिजम सम्बन्धी तोकिएका अन्य कार्यहरू गर्ने ।

**७. शुल्क सम्बन्धमा**

(१) प्लेजारिजम सफ्टवेयर सब्स्क्रीप्सन बार्षिक शुल्कका आधारमा हुने हुँदा सोको व्यवस्थापन निकायहरूको बिचमा शुल्क साझेदारीको आधारमा गरिनेछ ।

फोन नं.: ४३३१८३८, फ्याक्स : ९७७-०१-४३३१९६४ Email: chief.ec@tu.edu.np

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३१८३८
Fax. 01-4331964

(२) विश्वविद्यालयका सम्पूर्ण निकायहरूलाई युजर आइ.डी वितरणका आधारमा सफ्टवेयर प्रयोग शुल्क कार्यकारी परिषद्ले तोक्न सक्नेछ ।

(३) संस्था वा व्यक्तिले स्वतन्त्र रुपमा प्लेजारिजम परीक्षण गर्न चाहेमा केन्द्रीय पुस्तकालयबाट गरिनेछ । सोको शुल्क डकुमेन्टको प्रकृति अनुसार कार्यकारी परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

## ८. प्लेजारिजम परीक्षण गरिने कार्यक्रमहरू

(१) विद्यावारिधि, दर्शनाचार्य तथा लघुअनुसन्धान सम्वन्धी शोधपत्रहरूको प्लेजारिजम परीक्षण अनिवार्य हुनेछ ।

(२) अन्य तहका हकमा सम्बन्धित अध्ययन संस्थान/संकाय वा सम्बन्धित निकायले तोकेअनुसार हुनेछ ।

(३) लेख रचना प्रकाशन वा अन्य कार्यका सन्दर्भमा सम्पादन समिति वा सम्बन्धित निकायले तोके अनुसार हुनेछ ।

## ९. प्लेजारिजम परीक्षण नगरिने उपशीर्षक

(१) डकुमेन्ट ढाँचा अनुसार सारसङ्क्षेप (Abstract), कृतज्ञता ज्ञापन (Acknowledgement), सङ्क्षिप्त शब्दसूची (List of abbreviations), विषयसूची (Table of contents), मन्तव्य (Foreword), उद्धरण (Quote), सन्दर्भ ग्रन्थसूची (Bibliography), फ्रेज (Phrase), दश शब्दसम्मको म्याच (Small Matches up to 10 words), १ प्रतिशतसम्मको स्रोत म्याच (Small sources match 1%) लाई परीक्षण गरिनेछैन ।

(२) शोधकर्ताले शोधपत्र तयार गर्ने उद्देश्यले तथा अन्य लेख रचना प्रकाशन गर्ने क्रममा प्रथम लेखक भई लेख रचनाहरुबाट पुनः शोधपत्रमा वा अन्य लेख रचनामा साभार गरेको अवस्थामा प्लेजारिजम परीक्षणको समयमा गणना गरिनेछैन ।

(३) सेल्फ् प्लेजारिजम (Self Plagiarism) सम्बन्धी थप निर्णय आवश्यकता अनुसार सम्बन्धी अध्ययन संस्थान/संकाय तथा निकायले गर्न सक्नेछन् ।

## १०. प्लेजारिजम परीक्षणमा स्वीकार गर्न सकिने अवस्था

(१) प्लेजारिजम परीक्षण स्वीकार गर्न सकिने अवस्था देहायबमोजिम हुनेछ ।

(क) विद्यावारिधि र दर्शनाचार्य तहको हकमा व्याख्या (Discussion), सारांश (Summary), निचोड (Result), निश्कर्ष (Conclusion) भागमा १० प्रतिशतसम्म र परिचय (Introduction), पूर्व कार्यको अध्ययन (Review of Literature), अध्ययनको साधन र विधि लगायतका भाग (Materials and Methods and other parts) मा २५ प्रतिशतसम्म अन्य स्रोतमा मिल्न गएमा स्वीकार गरिनेछ ।

(ख) लघुअनुसन्धान, स्नातकोत्तर तह, अनुसन्धानात्मक लेख तथा अन्य कार्यका हकमा समग्रमा २० प्रतिशतसम्म अन्य स्रोतमा मिल्न गएमा स्वीकार गर्न सकिनेछ ।

त्रिभुवन विश्वविद्यालय
## त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

काठमाडौं, नेपाल ।
फोन . ०१-४३३१८३८
Fax. 01-4331964

(२) उप दफा १ बमोजिम बाहेक अन्य विषयमा सम्बन्धित अध्ययन संस्थान/संकायहरु तथा पाठ्यक्रम विकास केन्द्रले परीक्षणका मापदण्ड तोक्न सक्नेछन ।

**११. प्लेजारिजम परीक्षण कार्य पद्धति तथा प्रमाणपत्र वितरण आदि :**

(१) प्लेजारिजम सफ्टवेयरमा परीक्षण प्रक्रिया देहायबमोजिम हुनेछ ।

(क) दफा ४ (१) बमोजिम सफ्टवेयरको आधिकारीक रुपमा युजर आइ.डी प्राप्त व्यक्तिले मात्र सफ्टवेयर लग-इन गर्न सकिनेछ ।

(ख) सम्बन्धित निकायले सम्बन्धित व्यक्ति (सेवाग्राही) बाट सफ्टवेयरमा परीक्षण गर्नुपर्ने सामग्रीका साथ अनुसूची १ को ढाँचा अनुसार निवेदन लिनु पर्नेछ ।

(ग) उपदफा १ (ख) अनुसार निवेदनका साथ आवश्यकता अनुसार कार्यकारी परिषद्ले तोकेको शुल्क बुझाएको आधिकारिक प्रमाण पेश गर्नु पर्नेछ ।

(घ) दफा ९ (१) बमोजिम सफ्टवेयरमा परीक्षण गर्नुपर्ने सामग्रीको प्रकृति अनुसार आन्तरिक व्यवस्थापन मिलाएर मात्र परीक्षण गर्नु पर्नेछ ।

(ङ) प्राप्त सामग्रीको ७ (सात) दिन भित्र परीक्षण कार्य सम्पन्न गरी सोको रिपोर्ट सम्बन्धित सेवाग्राही र उसले उक्त रिपोर्ट पेश गर्न चाहेको निकायमा इमेल गर्न सकिनेछ ।

(च) परीक्षण गरिएको सामग्रीको रेकर्ड सफ्टवेयरमा ३० (तीस) दिनसम्म मात्र राखिनेछ ।

(छ) सेवाग्राहीले एक पटक सफ्टवेयमा परीक्षण गरिसकेको सामग्री संशोधन गरी पुनः परीक्षण गर्न चाहेमा पटकै पिच्छे नयाँ सामग्री अनुसार उल्लेखित सम्पूर्ण प्रक्रिया अपनाउनु पर्नेछ ।

(ज) भौतिक रुपमा उपस्थित हुन नसक्ने सेवाग्राहीलाई उल्लेखित प्रक्रिया अनलाइनको माध्यम्बाट पुरा गरेमा पनि प्लेजारिजम परीक्षण सेवा दिन सकिनेछ ।

(२) सम्बन्धित निकायले सफ्टवेयरमा परीक्षण गरिएको सामग्रीबाट प्राप्त रिपोर्टको विश्वसनीयता पुष्टि गर्न प्रमाणपत्र दिनु पर्नेछ ।

(क) विश्वविद्यालयका हकमा दफा १० बमोजिम स्वीकारयोग्य सामग्रीलाई मात्र अनुसूची २ बमोजिम प्रमाणपत्र दिइनेछ ।

(ख) अन्य निकायको हकमा दफा १० बमोजिम स्वीकारयोग्य नभएका सामग्रीहरुलाई पनि सेवाग्राहीको माग अनुसार प्रमाणपत्र दिन सकिनेछ ।

**१२. युजर आइ. डी. बन्द वा निलम्बन गर्न सकिने अवस्था**

(१) तपसिलको अवस्थामा प्लेजारिजम सफ्टवेयर प्रयोगकर्ताको युजर आइ. डी. बन्द वा निलम्बन गर्न सकिनेछ ।

(क) सम्बन्धित निकायबाट तोकिएका प्रयोगकर्ताको युजर आइ. डी. बन्द वा निलम्बन गर्नका लागि आधिकारी पत्र प्राप्त भएको अवस्थामा ।

(ख) प्लेजारिजम सम्बन्धी कार्यविधि वा निर्देशिका उल्लङ्घन वा युजर आइ.डी. दुरुपयोग गरेको देखिएमा ।

(ग) विश्वविद्यालयबाट प्राप्त अधिकार भन्दा बढी डकुमेन्टहरु परीक्षण गरेको अवस्थामा ।

फोन नं.: ४३३१८३८, फ्याक्स : ९७७-०१-४३३१९६४ Email: chief.ec@tu.edu.np

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३१८३८
Fax. 01-4331964

१३. विवाद समाधान प्रक्रिया

(१) कार्यसम्पादनका सिलसिलामा विवाद आएमा त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्षले विवाद समाधान समिति गठन गर्न सक्नेछन् ।

(२) समितिको सिफारिसका आधारमा परिषद्ले आवश्यक निर्णय गर्न सक्नेछ ।

१४. व्याख्या तथा बाधा अडकाउ फुकाउने व्यवस्था

(क) यो कार्यविधिको व्याख्या वा बाधा फुकाउने अधिकार कार्यकारी परिषद्मा रहनेछ ।

*

सभा तथा कार्यकारी परिषद्को सचिवालय

फोन नं.: ४३३१८३८, फ्याक्स : ९७७-०१-४३३१९६४ Email: chief.ec@tu.edu.np

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३१८३८
Fax. 01-4331964

## अनुसूची १

मिति:.........................

श्री .....................................

विषय: स्वघोषणा सम्वन्धमा ।

उपर्युक्त विषयमा यस कार्यालयमा प्लेजारिजम परीक्षण कार्यका लागि पेश गरेको तपसिल बमोजिमको डकुमेन्टको हाडकपी र सफ्टकपीको विषयबस्तुमा कुनै फरक नभएको व्यहोरा स्वघोषणा गर्दछु । यदि हाडकपी र सफ्टकपीमा कुनै फरक भए नियमानुसार कारवाही सहने छु ।

तपसिल

शीर्षक:

लेखकको नाम:

डकुमेन्ट पेश गर्ने निकाय:

निवेदकको नाम:

हस्ताक्षर:

मोबाइल नं.:

इमेल:

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३१८३८
Fax. 01-4331964

अनुसूची २

जो जससँग सम्बन्धित छ ।

तपाईं श्री ........................................ ले यस निकायमा प्लेजारिजम परीक्षण गर्नेका लागि पेश गर्नुभएको ...................................................................................................... शीर्षकको ............................................ द्वारा लिखित डकुमेन्टमा प्लेजारिजम परीक्षणपछिको समानता सूची (Similarity Index) परिचय, पूर्व कार्यको अध्ययन, अध्ययनको साधन र विधि भागमा ..................... प्रतिशत साथै व्याख्या, सारांश, निचोड र निश्कर्ष भागमा ...................... प्रतिशत वा समग्रमा ......................... प्रतिशत रहेको व्यहोरा प्रमाणित गरिन्छ ।

प्रमाणित गर्नेको नाम:

पद:

निकाय:

हस्ताक्षर:

मिति:

फोन नं.: ४३३१८३८,
फ्याक्स : ९७७-०१-४३३१९६४
Email: chief.ec@tu.edu.np

## त्रिभुवन विश्वविद्यालय
# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३१८३८
Fax. 01-4331964

मिति : २०७८।११।०१

**श्री केन्द्रीय पुस्तकालय**
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर ।

विषय : **निर्णय पठाइएको बारे ।**

त्रि.वि. कार्यकारी परिषद्को मिति २०७८।१०।२६ को बैठकको निर्णय नं. १२८४ त्यस निर्देशनालय/महाशाखा/कार्यालयसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध गर्दछु । निर्णयसँग सम्बन्धित फाइल संलग्न छ/छैन ।

सुर्यप्रसाद अधिकारी
प्रमुख

निर्णय नं. १२८४
त्रिभुवन विश्वविद्यालयले प्राज्ञिक लेखनमा देखापरेका साहित्यिक चोरीको समस्या समाधन गरी अध्ययन अनुसन्धान कार्यलाई थप व्यवस्थित, मर्यादित र नियमित गरी विश्वविद्यालयको बौद्धिक उन्नयन कार्यमा सहयोग गर्न केन्द्रीय पुस्तकालयमा Anti Plagiarism Software राखी Plagiarism अनुगमनको कार्य शुरु गरिसकेकोले एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन गर्नका लागि तपशिल बमोजिम "एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७८" स्वीकृत गर्ने निर्णय भयो ।

फोन नं. ४३३१८३८, फ्याक्स : ९७७-०१-४३३१९६४ Email: chief.ec@tu.edu.np